# सानीभेरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सिम्ली, रूकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल


**सानीभेरी गाउँकार्यपालिका निर्णयहरु**

मिति:२०७९-०७-१८

| क्र.स. | निर्णयको व्यहोरा | कैफियत |
|---|---|---|
| १ | गाउँ कार्यपालिकाको मिति २०७९।०६।०५ गते भएका निर्णयहरुको समीक्षा तथा सबै कार्यान्वयन भएका निर्णयहरुको प्रभावकारिता मूल्याङ्कन तथा अनुगमन गर्ने निर्णय गरियो । | |
| २ | सानीभेरी गाउँपालिका भित्रका नदिजन्य पदार्थ ढुङ्गा,गिट्टी,वालुवाको ठेक्का नपरेको देहाय खण्डका लागि कर सङ्कलकको व्यवस्था गर्ने तथा निज सङ्कलकलाई जम्मा उठेको रकम बाट २० प्रतिशत पारिश्रमिक दिने निर्णय गरियो ।<br>देहाय:<br>१. चाईना बगर देखी बाउनीखेत खण्ड<br>२. सिस्ने खोला देखी स्यालेवगर खण्ड<br>३. बेल्टापु देखी प्रियतारा मैतुलोटे खण्ड<br>४ स्यालेवगर देखी छोटेवगर खण्ड | |
| ३ | यस सानीभेरी गाउँपालिका सेयर धनि रहेको स्यार्पु कृषि कम्पनी लिमिटेडले निर्माण गरिरहेको ४०००० लिटर प्रतिदिन क्षमताको डेरी उद्योग निर्माण गर्नको निम्ति राष्ट्रिय वाणिज्य बैंक बाट मिति २०७८।०९।२६ मा कर्जा स्वीकृत भएकोमा उक्त कर्जामा यस गाउँपालिका तर्फबाट सस्थागत जमानतको लागि अख्तियारी यस गाउँपालिकाबाट अध्यक्ष श्री विर्ख बहादुर विष्टलाई जिम्मा दिने निर्णय गरियो । | |
| ४ | सानीभेरी गाउँपालिका वडा नं.१ र ५ कार्यालयमा जनशक्ति व्यवस्थापन देहाय बमोजिम गर्ने निर्णय गरियो ।<br>देहाय:<br>i.सि.अ.हे.व शसिराम बुढाथोकी लाई वडा नं.५ को सचिव<br>ii. खरिदार नन्दराम के.सी लाई वडा नं. १ को सचिव | |
| ५ | सानीभेरी गाउँपालिकाको विनियोजित बजेटको उपभोक्ता सँग सम्झौता मिति २०७९ पुस मसान्तम सम्म गर्ने निर्णय गरियो । | |

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिम्ली, रुकुम (पश्चिम)
### कर्णाली प्रदेश, नेपाल

| | | |
|---|---|---|
| ६ | सानीभेरी गाउँपालिका भित्र रहेका विहे नगरी ४० बर्ष पुगेका महिलाहरुको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधी पारित गरि स्थानीय राजपत्रमा प्रकाशित पश्चात लागु हुने निर्णय गरियो । | |
| ७ | प्रस्तावित नागरिक उपचार सहायता पारित गरि वितरण गर्ने निर्णय गरियो । | |
| ८ | सानीभेरी गाउँपालिकामा आखा उपचार केन्द्र सानभेरी गाउँपालिका वडा नं ३ बेल्टापुमा साविकको गरायला गा.वि.स को भवनमा नेपाल नेत्र ज्योति संघ र पालिकाको सयुक्त लगानीमा स्थापना गर्ने निर्णय गरियो । | |
| ९ | सानीभेरी गाउँपालिका ले मंसिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनमा मतदाता शिक्षा संचालन, व्यवस्थापनमा रु २००००० (अक्षरेपी दुईलाख) रकम भैपरी खर्च शिर्षक बाट छुट्टायाउने निर्णय गरियो । साथै प्रत्येक वडामा खटिएका स्वंयसेविकालाई पारिश्रमिक स्वरुप प्रतिव्यक्ति रु १०००० (अक्षरेपि दश हजार) दिने गर्ने निर्णय गरियो । | |
| १० | सानीभेरी गाउँपालिका अन्तर्गतको बिप्पे लिफ्ट खानेपानी योजना मर्मतका लागि आवश्यक बजेट भैपरी आउने खर्च बाट छुट्टाउने निर्णय गरियो । | |
| ११ | सानीभेरी गाउँपालिका अन्तर्गतका विभिन्न सडक सरसफाई , अनुगमन मूल्यांकन तथा अपुग रकम प्राविधिक इस्टमेट अनुसार उपलब्ध गराउने निर्णय गरियो । | |
| १२ | सानीभेरी गाउँपालिका अन्तर्गत का देहाय बमोजिम का ठेक्का ठेकेदारले समयमा सम्पन्न नगरेको हुदा मिति २०७९।०७।२७ गते गाउँपालिकामा सम्बन्धित वडा अध्यक्ष सहित अन्तरक्रिया कार्यक्रम गर्ने निर्णय गरियो ।<br>देहायः<br>• सहिद स्मृति भवन निर्माण सानीभेरी ७<br>• बुकिचौर बाब्बेटाकुरा लिफ्ट खानपानी योजना सानीभेरी १<br>• किचकिचे खोला बुगेरी लिफ्ट खानेपानी योजना सानीभेरी १०<br>• बेल्टापु भलाचौर तिमिले कमैदे नाग्ना मौराखारा पर्यटकिय सडक निर्माण सानीभेरी ३<br>• नेरा मावि घापागार सानीभेरी ५<br>• तुसारे अध्याचौर गरायला खानेपानी योजना सानीभेरी ३ | |
| १३ | संघीय सरकार बाट हस्तान्तिरित कार्यक्रम अनुसार सानीभेरी गाउँपालिका वडा नं ६ ,७, ८ र २ मा खानेपानी आयोजनाका लागि विनियोजन गरिएको रु २०००००० (अक्षरेपी बिस लाख) वडा नं ७ को निगालपानी मुलपानी फुकुज्युला खानेपानी आयोजना निर्माणका लागि जिल्ला खानेपानी सिंचाई तथा उर्जा विकास कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो । | |